# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:०७९/०८०
च.नं.: ४४८२

मिति: २०८०/०२/०२

श्री वडा कार्यालय सबै,
रामग्राम नगरपालिका ।

**विषय: आगामी आ.ब. २०८०/०८१ को योजना तर्जुमा गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आगामी आ.व. २०८०/०८१ को वार्षिक योजना तर्जुमा गर्ने सन्दर्भमा मिति २०८०/०१/२६ गते नगरकार्यपालिका बैठकको निर्णय नं. ३ र ४ बमोजिम वडागत बजेट सिलिङ्ग तथा योजना प्राथमिकिकरणका आधार तथा मार्गदर्शनको विवरण यसै साथ सँलग्न राखी पठाइएको छ, सोको आधारमा जेष्ठ १५ गते भित्र वडास्तरिय योजना तर्जुमा गरी पेश गर्नुहुन अनुरोध छ ।

..............................
नि० प्रमुख प्रशासकीय अधिकृत

अबगार्थ :
श्रीमान नगर प्रमुख ज्यू
श्रीमान उप प्रमुख ज्यू
बोदार्थ:
श्री वडा सचिव / वडा प्राविधिक ज्यू
(कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण अंक निर्धारण तालिका अनुसार पठाउनुहुन)

आ .ब ०८०।०८१ को [illegible] दिएको बजेट सिलिगं

| वडा नं | अन्तिम बजेट सिलिंग | पूर्वाधार विकास (४० प्रतिशत) | सामाजिक विकास (३० प्रतिशत) | आर्थिक विकास (१५ प्रतिशत) | वनवातावरण विपद व्यवस्थापन विकास (१० प्रतिशत) | सुशासन र संस्थागत विकास (५ प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १ | 2259082 | 903633 | 677724 | 338862 | 225908 | 112954 |
| २ | 1684552 | 673821 | 505366 | 252683 | 168455 | 84228 |
| ३ | 1738024 | 695210 | 521407 | 260704 | 173802 | 86901 |
| ४ | 2119974 | 847990 | 635992 | 317996 | 211997 | 105999 |
| ५ | 1891152 | 756461 | 567346 | 283673 | 189115 | 94558 |
| ६ | 1882903 | 753161 | 564871 | 282435 | 188290 | 94145 |
| ७ | 2216202 | 886481 | 664861 | 332430 | 221620 | 110810 |
| ८ | 2037406 | 814962 | 611222 | 305611 | 203741 | 101870 |
| ९ | 3164946 | 1265978 | 949484 | 474742 | 316495 | 158247 |
| १० | 4060445 | 1624178 | 1218133 | 609067 | 406044 | 203022 |
| ११ | 2265739 | 906295 | 679722 | 339861 | 226574 | 113287 |
| १२ | 2187595 | 875038 | 656279 | 328139 | 218760 | 109380 |
| १३ | 1716164 | 686466 | 514849 | 257425 | 171616 | 85808 |
| १४ | 4151793 | 1660717 | 1245538 | 622769 | 415179 | 207590 |
| १५ | 3729307 | 1491723 | 1118792 | 559396 | 372931 | 186465 |
| १६ | 4849286 | 1939714 | 1454786 | 727393 | 484929 | 242464 |
| १७ | 4078877 | 1631551 | 1223663 | 611832 | 407888 | 203944 |
| १८ | 4352582 | 1741033 | 1305775 | 652887 | 435258 | 217629 |
| जम्मा | **50386028.00** | **20154411** | **15115808** | **7557904** | **5038603** | **2519301** |

नि० प्रमुख प्रशासकीय अधिकृत

## आ.ब. २०८०/०८१ को वडागत वार्षिक योजना तथा कार्यक्रम तर्जुमा मार्गदर्शन

१. आगामी आ.व. का लागि आय श्रोत न्यून हुने देखिएकोले गत आ.व. का वडागत बजेट सिमालाई नै आ.व. ०८०/०८१ मा कायम गर्ने ।

२. सम्बन्धित कानुनी व्यवस्थाको पालना गर्ने,

   क. नेपालको संविधान,

   ख. स्थानीय सरकार संचालन ऐन, २०७४

   ग. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

   घ. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

   ङ. संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु,

   च. स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४

   छ. संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना,

   ज. उपलब्ध स्रोत साधन

३. क्रमागत योजना/बहुवर्षिय योजनाका लागि बजेट विनियोजन गर्ने ।

४. ठूला पूर्वाधारका प्राथमिकतामा पर्ने योजनाको परियोजना बनाउने ।

५. बजेट विनियोजन गर्दा विषयगत क्षेत्रमा सिमा निर्धारण गर्ने ।

६. बजेट सिमालाई १००% मानी देहाय बमोजिमको आधार लिई विषयगत क्षेत्रमा आयोजना / कार्यक्रम छनौट गर्ने ।

७. तलको अभ्यास बाट आधार लिदा

| | |
|---|---|
| क) पूर्वाधार विकास | –४० प्रतिशत |
| ख) सामाजिक क्षेत्र विकास | –३० प्रतिशत |
| ग) आर्थिक विकास | –१५ प्रतिशत |
| घ) वनवातावरण विपद व्यवस्थापन | –१० प्रतिशत |
| ङ) सुशासन र संस्थागत विकास | –५ प्रतिशत |

८. मुख्य विषयगत क्षेत्रको कार्यक्रम र बजेट तर्जूमा गर्दा लक्षित वर्ग र दिगो विकास लक्ष्य आत्मसात गर्ने ।

९. महिला, बालबालिका, आदिवासि जनजाति, दलित, मधेसी, मुस्लिम, अपाङ्ता भएका जेष्ठनागरिक लगायतका लक्षित वर्गका लागि बजेट विनियोजन गर्ने ।

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी (न.प.प.)
लुम्बिनी प्रदेश
प्रमुख प्रशासकीय अधिकृत

१०. लक्षित वर्गका साना पूर्वाधार (६० प्रतिशत) सिप, क्षमता विकास र आय आर्जन तर्फ लक्षित वर्गका लागि जेष्ठ नागरिक लगायतका (३० प्रतिशत) एवम् संस्थागत विकास तर्फ (१० प्रतिशत) को आधार लिन उपयुक्त हुने ।

११. बस्तिहरुमा योजना छनोट गर्दा सहभागिता र समावेशिलाई ध्यान दिनुपर्ने ।

१२. बालबालिका लक्षित बजेट विनियोजन गर्दा बालमैत्री स्थानीय शासनका सुचकहरु कार्यान्वयवन हुनु पर्ने ।

१३. वडा तहमा विषयगत क्षेत्रमा योजना तथा कार्यक्रम छुट्याई प्राथमिकिकरण गर्ने ।

१४. वडास्तरबाट वितरणमुखी (साइकल, कंवल, सिरक, आदी) प्रोत्साहन नगर्ने ।

१५. कोटेशन खरिदलाई निषेध गर्ने/कार्यक्रम नसके १०% को सिमामा राख्ने ।

१६. पूर्वाधारतर्फ बहुवर्षिय ठेक्का हुने योजना उपयुक्त हुने ।

१७. समपुरक योजना सम्बन्धी

क. नगरपालिका र वडासँग समपुरक योजना प्रस्ताव गर्ने । समपुरक योजना बढीमा दुई वटा प्रस्ताव गर्न सकिने ।

ख. समपुरक योजना छनौट गर्दा क्रमश सिचाई, खानेपानी, सडक पूर्वाधार तर्फ मात्र छनौट गर्ने ।

ग. समपुरक योजना आ.व. ०८०/०८१ का लागि २० लाख वा ३० लाखको बनाउने (जस्तै: वडाको १० लाख नगरको १० लाख) ।

घ. समपुरक योजना बहुवर्षिय (आगामी बढीमा आ.व. मा सकिने गरी) ।

१८. बस्तीस्तरका योजना तर्जूमा गोष्ठी संचालन गर्दा सहभागिता र समावेशीतालाई ध्यान पुर्‍याउने ।

१९. पूर्व तयारी बैठक, बस्तीस्तरका गोष्ठी तथा वडागत प्राथमिकिकरण बैठकका निर्णय प्रतिलिपी सहित २०८० जेष्ठ १५ गते भित्र नगरपालिकामा पठाउने ।

२०. टोल/बस्ती स्तरका गोष्ठीको सूचना सरोकारवालाहरुलाई तीन दिन अगावै दिने ।

२१. पूर्वाधार विकासतर्फ टुक्रे योजनाका लागि बजेट नछुट्याउने पाच लाख योजनामा बजेट छुट्याउने

२२. विषयगत क्षेत्रमा योजना / कार्यक्रम संख्या ३–५ वटा (बढीमा १५ वटा सिमित गर्ने) ।

२३. तालिम, गोष्ठी, अवलोकन भ्रमण जस्ता कार्यक्रम निरुत्साहित गर्ने ।

२४. वडा समितिले आवश्यक देखेका अन्य ।

१.५ कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण अंक निर्धारण तालिका

| क्र.स. | विषय क्षेत्रअनुसार कार्यक्रम तथा आयोजनाको नाम | गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु (२० अंक) | | | उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु (१५ अंक) | | | आम्दानी र रोजगार वृद्धि गर्ने आयोजनाहरु (१५ अंक) | | | लागत सहभागिता जुट्ने आयोजनाहरु (१५ अंक) | | | | स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरु (१० अंक) | | | समावेशी विकासमा योगदान पुर्याउने आयोजनाहरु (१० अंक) | | | दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु (१० अंक) | | | स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरु (५ अंक) | | | जम्मा | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रत्यक्ष योगदान पुर्याउने -२० अंक | अप्रत्यक्ष योगदान पुर्याउने -१० अंक | तटस्थ -५ अंक | चालु आ.व.मा नै सम्पन्न हुने -१५ अंक | आगामी आ.व. मा सम्पन्न हुने -१० अंक | अन्य -५ अंक | प्रत्यक्ष योगदान पुर्याउने -१५ अंक | अप्रत्यक्ष योगदान पुर्याउने -७.५ अंक | तटस्थ -० | ५०% वा सो भन्दा बढी लागत सहभागिता हुने-१५ अंक | २०% देखि ५०% सम्म लागत सहभागिता हुने-१० अंक | २०% सम्म लागत सहभागिता हुने-५ अंक | लागत सहभागिता नहुने-० | आयोजनालाई आवश्यक पर्ने सबै श्रोत साधन स्थानीय तहबाट उपलब्ध हुने-१० अंक | आयोजनालाई आवश्यक पर्ने ५०% सम्म श्रोत साधन स्थानीय तहबाट उपलब्ध हुने-७.५ अंक | अन्य-५ अंक | प्रत्यक्ष योगदान पुर्याउने -१० अंक | अप्रत्यक्ष योगदान पुर्याउने -५ अंक | तटस्थ -० | प्रत्यक्ष योगदान पुर्याउने -१० अंक | अप्रत्यक्ष योगदान पुर्याउने -५ अंक | तटस्थ -० | प्रत्यक्ष योगदान पुर्याउने -५ अंक | अप्रत्यक्ष योगदान पुर्याउने -३ अंक | तटस्थ -० | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

उपरोक्त उल्लेखित फर्मेट (योजना तर्जुमा र प्राथमिकीकरणको फर्मेट) Excell फाईल सम्बन्धित सबैको Email मा पठाईएको छ।

नि० प्रमुख प्रशासकीय अधिकृत